# संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
### बैठक संख्या : १४५

मितिः २०७९/०४/२३

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मन्त्री, सचिव र सम्वद्ध पदाधिकारीहरुसँग नारायणघाट-मुग्लिन र मुग्लिन-पोखरा सडकको वर्तमान अवस्था लगायत अन्य विविध विषयमा छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ सडक सीमा अतिक्रमण गरी विना स्वीकृति बनाइएका घर तथा सडक सीमा भित्र रहेका विद्युत पोलका कारण नारायणघाट-मुग्लिङ/ मुग्लिङ-पोखरा लगायत देशका महत्वपूर्ण सडकहरुमा वर्षा याममा पहिरो आउँदा पहिरो तत्काल पन्छाइ सडक खुला गर्ने कार्यमा जटिलता उत्पन्न भई लामो समयसम्म सार्वजनिक यातायात सूचारु गर्न अवरोध हुने अवस्था रहेकोले त्यस्ता सडक सीमा भित्र रहेका घर तथा विद्युत पोल सम्बद्ध निकायहरुसँग समन्वय गरी तत्काल हटाउने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र उर्जा, सिंचाई तथा जलस्रोत मन्त्रालयलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय गौरव लगायत अन्य राष्ट्रिय स्तरका सडकहरुको निर्माण तथा स्तरोन्नतिको कार्यमा भइरहेको ढिलासुस्ती तथा न्यून प्रगतिलाई ध्यानमा राखी निर्माणाधीन नारायणघाट-मुग्लिङ/ मुग्लिङ-पोखरा सडक स्तरोन्नतिको कार्य निर्धारित समय र गुणस्तरमा सम्पन्न गर्ने कार्यलाई तीव्र रुपमा अगाडी बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ नेपालको भू-बनोट र यसका विभिन्न भागहरुको भिन्न भिन्न विशेषताका कारण हालसम्म अपनाउँदै आइएको विकासको परम्परागत दृष्टिकोणले हाम्रो विकास तथा पूर्वाधारहरु दिगो तथा गुणस्तरयुक्त हुन नसकिरहेको यथार्थलाई ध्यानमा राखी दीर्घकालीन समाधान सहित वातावरणमैत्री, प्रविधिमैत्री र गुणस्तरीय निर्माणका लागि विकासको उपयुक्त मोडल अवलम्बन गर्ने कार्य तत्काल अध्ययन गरी कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ सार्वजनिक यातायातको भाडादर पेट्रोलियम पदार्थको मूल्य समायोजनसँगै वैज्ञानिक रुपमा निर्धारण हुने स्वचालित विधि अपनाइ कार्यान्वयनमा ल्याइएको भएता पनि सार्वजनिक यातायातले मनोमानी रुपमा भाडा असुल्ने गरिएको सर्वसाधारणबाट व्यापक जनगुनासो आइ रहेकोले यस सम्बन्धमा नियमित र भरपर्दो रुपमा अनुगमन गर्ने संस्थागत संयन्त्र तत्काल निर्माण गरी कार्यान्वयनमा ल्याउन र त्यस सम्बन्धी जानकारी समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

| | |
|---|---|
| ........................... | ........................... |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |